मधेश प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, पर्सा
वीरगंज, पर्सा

फोन नं. ०५१-५२१८७९
इमेल: agriscienceparsa@gmail.com

सूचना! सूचना!! सूचना!!!

बगर खेतीमा सहयोग कार्यक्रम संचालन सम्वन्धि विस्तृत सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८३/०७/११

यस कृषि ज्ञान केन्द्र पर्साको आ.व. २०८३/०८४ मा सञ्चालन हुने बगर खेतीमा सहयोग कार्यक्रमको लागि यस जिल्ला भित्रका मखान खेति गर्न ईच्छुक कृषकले यो सूचना प्रकाशित भएको मितिले ३० औ दिन (२०८३/०८/१० गते) सम्म यस कार्यालयमा आवश्यक कागजात सहित तोकिएको ढाँचामा प्रस्ताव पेश गर्न सम्बन्धित सम्पुर्णमा यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

आवश्यक कागजातहरु

१. कार्यालयले निर्दिष्ट गरेको निवेदन फारम (पुर्णरुपमा भरिएको)
२. कृषकको हकमा नागरिकता प्रमाण पत्रको फोटोकोपी स्वयं प्रमाणित गरी पेश गर्नुपर्नेछ ।
३. कृषकको हकमा कम्तीमा ५ कट्ठा जग्गा धनी प्रमाण पत्रको प्रतिलिपि
४. लिजमा लिएको जग्गाको हकमा लाल पूँर्जा र लिजमा लिएको आधिकारिक कागजपत्रको प्रमाणित प्रतिलिपी समेत ।
५. सम्वन्धीत वडा कार्यालय वा स्थानीय तह वा कृषि शाखाको सिफारिस पत्र ।
६. मांग गरेको योजनाको लागत इस्टिमेट, कार्ययोजना, श्रोत सुनिश्चितता र आफ्नो लगानी अनुपातको प्रतिवद्धता पत्र पेश गर्नुपर्नेछ।

अनुदानका शर्तहरु

- कृषकको हकमा तल उल्लेखित सम्पर्ण कार्यक्रममा अबेदन दिन सक्नेछन।
  क) उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम
  - बीउ, बेर्ना
  - औजार तथा यन्त्र उपकरणहरु
  - सिंचाई व्यवस्थापन
  - तालिम तथा क्षमता अभिवृद्धि

  ख) बजार प्रवर्द्धन कार्यक्रम
  - ई-लोडर
  - वेईङ्ग/डिजिटल ब्यालेन्स, क्यारेट
- यस कार्यक्रम अन्तर्गत स्वीकृत बजेट परिधिभित्र रहि कार्यक्रम संचालन कार्यविधी बमोजिम हुनेछ ।
- गत आ.व.मा अनुदान नपाएका उन्नत प्रविधि अवलम्वन गरेको, व्यवसायी खेती गर्ने , बढी लागत सहभागिता भएको व्यक्ती/ संस्थालाई प्राथमिकता दिइने छ ।
- रित नपुगेका, म्याद नाघी प्राप्त भएका, झुठ्ठा विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै बेला आवेदन रद्द हुनेछ तथा त्यसको स्वयं जिम्मेवर हुनेछ।
- छोटो सुचीमा नपरेका/रित नपुगेका प्रस्तावहरु छनौटका लागि समावेश/स्थलगत निरीक्षण गरिने छैन ।
- अधिकतम् अनुदान प्रतिशत कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ तथा कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८३ मा व्यवस्था भए बमोजिम कायम हुनेछ।
- प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सुचनासँग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षीत रहनेछ ।

रामलोचन ठाकुर
प्रमुख